नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक ४ गते २०२० साल

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

०१० साल आषाढ १६ गते खण्ड २ संख्या ४५ भाग १ मा प्रकाशित सिनेमा हल जांच पास गर्ने नियममा निम्न लेखिए बमोजिम संशोधन गर्ने गरी अरू सोही नियम अनुसार गर्ने ०२०।५।२६ मा श्री ५ को सरकारले निर्णय गरेको छ ।

दोस्रो प्रकरणमा काठमाडौं उपत्यकाका लागि "गृह मन्त्रालय" को प्रतिनिधि राख्ने उल्लेख भएकोमा स्थानीय मेजिष्ट्रेट अफिसको" प्रतिनिधि राख्ने र स्वायत्त शासन मन्त्रालय (पञ्चायत मन्त्रालय) को प्रतिनिधि नराख्ने ।

मध्येश पहाडका जील्लाहरूमा म्यूनिसिपल्टी रहेको ठाउँमा म्यूनिसिपल्टीसमेतको कमिटी खडा गर्ने भन्ने तेस्रा प्रकरणमा लेखिएकोमा म्यूनिसिपल्टीको सट्टामा नगर पञ्चायत भएको जिल्लामा नगर पञ्चायत र नभएका जिल्लामा जिल्ला पञ्चायतका प्रतिनिधि राख्ने ।

आज्ञाले–

मे. ज. छत्रविक्रम राणा,

श्री ५ को सरकाको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।